म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ | अङ्क:- २७६ | २०८१ भदौ १३ गते बिहीबार 29 August 2024, Thursday - | पृष्ठ ४ | मूल्य रू. ५/-




### विनाविभागीय मन्त्री व्यवस्थापन

## मुख्यमन्त्री लामालाई प्रश्नः कांग्रेस सरकारमा पुग्नासाथ मन्त्रालय किन फुट्छ ?



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका एक विनाविभागीय मन्त्रीले विगत एक महिनादेखि जिम्मेवारी पाउन सकका छैनन् । विगत एक महिनादेखि कांग्रेसका मदुकुमार श्रेष्ठ विभागविहीन अवस्थामा रहेका हुन् ।

गत साउन १२ गते मुख्यमन्त्री बहादुर सिंह लामाले सरकारलाई पूर्णता दिँदै प्रदेशको १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गरेका थिए । जसमा साउन ९ मा मन्त्री नियुक्त भई शपथग्रहण गरेका श्रेष्ठको जिम्मेवारी तोकिन सकेको छैन । प्रदेशको १३ मन्त्रालयमा एमाले-कांग्रेस गठबन्धनबाट सरकार गठन हुँदा ६ र ७ मन्त्रालय भागबण्डा गर्ने सहमति बनेको थियो । एमालेले ६ मन्त्रीको नाम सहजै टुंग्यायो । तर, कांग्रेसभित्रको गुट र भागबण्डाले मुख्यमन्त्रीसहित ७ मन्त्रालयको जिम्मेवारी तोक्न तथा मन्त्री छान्न निकै सकस भयो ।

अन्ततः मुख्यमन्त्री लामाले ७ मन्त्रालय भाग पाएको कांग्रेसले थप एक मन्त्री नियुक्त गरेका थिए । पछि नियुक्त भएका अन्य मन्त्रीहरुले जिम्मेवारी पाए । तर, साउन ९ मा नै नियुक्ति पाएका मन्त्री श्रेष्ठले जिम्मेवारी पाएनन् ।

जिम्मेवारी नपाउँदा मन्त्री श्रेष्ठ पीएसओ र गाडी लिएर जिल्ला दौडमा रहेका छन् भने उनको लागि कार्यालय व्यवस्थापनमा समेत समस्या देखिएको छ । केही दिन अघिमात्र उनलाई तत्कालीन जिल्ला विकास समिति (हाल उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय रहेको) भवनमा केही कोठाहरु व्यवस्था गरिएको छ । एउटा गाडी, पीएसओ, स्वकीयका साथ उनी काम पर्दा हेटौंडा आउँछन् भने अरु समयमा निर्वाचन क्षेत्र जिल्लामा नै रहने गर्दछन् । सार्वजनिक कार्यक्रममा सहभागी हुने, आवश्यक समन्वयको बाचाका शिवाय उनले गर्नसक्ने कुनै काम नै छैन ।

उनी आफ्नो विज्ञताको आधारमा मन्त्रालयको जिम्मेवारी चाहिरहेका छन् । जसअनुसार चलचित्र क्षेत्र, संस्कृति, पर्यटन, सामाजिक क्षेत्र उनको रुचिको विभाग हो । जसमा यसअघि नै मन्त्रीहरु नियुक्त भइसेकका छन् ।

पछिल्लो समयमा मन्त्री श्रेष्ठले विकास निर्माणमा जोडिएर काम गर्नेगरी शहरी विकास मन्त्रालय निर्माण गर्न माग गरिरहनु भएको छ । तर, सो विषयमा सत्ता साझेदार दल एमाले सहमत हुने अवस्था छैन । भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेको शहरी विकास अलग हुने अवस्था नरहेको मन्त्री श्रेष्ठ स्वयम् बताउनुहुन्छ ।

उहाँका अनुसार छिट्टै विभाग दिने आश्वासन मुख्यमन्त्रीबाट पाएको भए पनि कुन मन्त्रालय भन्ने विषयमा छलफल भएको छैन । मुख्यमन्त्रीले तोकेको मन्त्रालयमा रहेर काम गर्न आफू तयार रहेको उहाँले बताउनुभयो ।

त्यसो त बागमती प्रदेशमा विनाविभागीय मन्त्री रहेको यो पहिलो घटना होइन । यसअघि पनि विभिन्न समयमा मन्त्रीहरुले जिम्मेवारीविहीन अवस्थामा रहनुपरेको थियो । गत चैत २० मा मन्त्री भएकी रमा आले मगरले ४५ दिन विभागीय जिम्मेवारी पाइनन् भने २०८० जेठ ७ मा मन्त्री बनेका रामकृष्ण चित्रकारले ९३ दिनमा जिम्मेवारी पाएका थिए । ती मन्त्रीहरुले मन्त्रालयको संख्या बढाएपछि मात्र जिम्मेवारी पाएका हुन् ।

घटनाक्रम हेर्ने हो भने अधिकांश समयमा कांग्रेस सरकारमा रहँदा मन्त्रालयको संख्या बढेको छ । मन्त्रालय विभाजनको श्रृंखला हेर्ने हो भने कांग्रेसका २ मन्त्री विनाविभागीय रहेका छन् । एउटाले मन्त्रालय फुटाएर जिम्मेवारी पाएका थिए भने अर्कोलाई जिम्मेवारी दिने विषयमा सरकार प्रयत्नरत रहेको छ ।

२०७८ भदौमा पहिलो पटक एमालेको सरकारले प्रदेशको ७ मन्त्रालयलाई ८ वटा कायम गरेको थियो भने सोपश्चात् २०७८ मा कांग्रेस सम्मिलित माओवादी केन्द्र र एकीकृत समाजवादीको सरकारले १४ मन्त्रालय कायम गरेको थियो । २०७९ को आम निर्वाचनपछि प्रदशेमा ११ वटा मन्त्रालय बनाइएको थियो ।

त्यसपश्चात् २०८० भदौमा माओवादी केन्द्रको नेतृत्वमा कांग्रेस र एकीकृत समाजवादीको सरकारबाट प्रदेशको ११ मन्त्रालयलाई १२ बनाइयो । सो समयमा मन्त्रालय विभाजनको प्रमुख कारण कांग्रेस बन्यो । प्रदेशमा १३ मन्त्रालय माओवादी केन्द्रको नेतृत्वमा एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी गठबन्धनको सरकारले बनायो ।

हाल प्रदेशमा १४ मन्त्रालयको संख्या बनाउने कसरत जारी छ । विनाविभागीय मन्त्री श्रेष्ठलाई जिम्मेवारी दिने विषयमा दलहरु निरन्तर छलफलमा छन् । तर, साझेदार दलहरुबिच सहमति भने हुन सकेको छैन ।

विनाविभागीय मन्त्रीको व्यवस्थापनका विषयमा छलफल भइरहेको मुख्यमन्त्री लामाले बताउनुभयो । मन्त्री श्रेष्ठलाई छिट्टै नै जिम्मेवारी तोक्ने गरी सरकारले साझेदार दलहरुसँग छलफल गरिरहेको उहाँले बताउनुभयो । मन्त्री फिर्ता गर्ने सम्भावना नरहेकाले उपयुक्त जिम्मेवारी तोकेर अघि बढ्ने तयारी रहेको उहाँको भनाइ छ । मन्त्रालयको संख्या बढाउने तयारी भएको हो ? भन्ने प्रश्नमा मुख्यमन्त्री लामाले सम्भावना बढेको बताउनुभयो ।

'जिम्मेवारी तोक्न मन्त्रालय खाली छैन । उहाँको जिम्मेवारीको विषयमा छलफल भएको छ । सहमति भने हुन सकेको छैन', मुख्यमन्त्री लामाले भन्नुभयो- 'संविधानले प्रदेशसभाको कुल सदस्य संख्याको २० प्रतिशतसम्म मन्त्रालय बनाउन सक्ने अधिकार दिएको छ । हामीले संविधानको प्रयोग र अभ्यास गर्ने हो । उहाँको जिम्मेवारी तोकिने सम्भावना बलियो छ ।'

### कांग्रेस सरकारमा पुग्नासाथ मन्त्रालय किन फुट्छ ?

मुख्यमन्त्री लामाले कांग्रेस सरकारमा जानेवित्तिकै मन्त्रालयको संख्या बढ्ने अवस्था नरहेको बताउनुभयो । कांग्रेस सरकारमा पुग्नासाथ मन्त्रालय किन फुट्छ ? भन्ने प्रश्नमा मुख्यमन्त्री लामाले अरु पार्टीले पनि मन्त्रालयको संख्या बढाएको बताउनुभयो ।

उहाँले मन्त्रालयको संख्या र मन्त्रीको संख्या परिस्थितिका आधारमा हुने बताउनुभयो । सरकारको नेतृत्व लिनुअघि एमाले, माओवादी र समाजवादीले मन्त्रालयको संख्या बढाएको स्मरणसमेत मुख्यमन्त्री लामाले गराउनुभयो । विगतको सरकार, सत्ता समीकरण र अहिलेको राजनीतिक परिस्थिति फरक रहेकाले व्यवस्थापनमा समस्या भएको उहाँको भनाइ छ ।

सरकार सुशासन र आर्थिक अनुशासनलाई महत्वका साथ लिएर अघि बढेकाले नियम, कानुनको अधिनमा रहेर काम गर्ने उहाँको भनाइ छ । कांग्रेसमात्र मन्त्रालय विभाजनको कारण नभएको र अन्य थुप्रै विषयहरुले प्रभाव पार्ने गरेको उहाँले बताउनुभयो ।

'विगतमा मन्त्रालयको संख्या ८ हुँदा एमालेको एकल बहुमतको सरकार थियो । पछि एकीकृत समाजवादीको नेतृत्वमा सरकार बन्दा १४ मन्त्रालय भए', मुख्यमन्त्री लामाले भन्नुभयो- 'त्यसमा कांग्रेस साझेदार थियौं । तर, हामीले निर्णय गरेका होइनौं । पछि मन्त्रालय घटाएर ११ बनाइयो । त्यसपछि माओवादी केन्द्रको नेतृत्वमा १२ बन्यो । हामी साझेदार भए पनि निर्णय मुख्यमन्त्रीले गरेका हुन् । यसमा कांग्रेसमात्र कारक होइन । थुप्रै विषयहरु रहेका छन् ।' उहाँका अनुसार संविधान निर्माण गर्दा भएको कमजोरीका कारण मन्त्रालयको संख्या बढ्ने गरेको हो । संविधानमा प्रतिशत थ्रेस होल्ड नभई संख्या तोक्न सके सो समस्याको हल हुने उहाँले बताउनुभयो । प्रदेश सरकारहरुले संविधानको अभ्यास गरिरहेको र त्यसबाट प्राप्त सुझावअनुसार सुधारका काम अघि बढाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

### बागमती प्रदेश संसदीय समिति बैठक

## गणपूरक संख्या पुऱ्याउनै सकस

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा अन्तर्गतको उद्योग, पर्यटन तथा वातावरण समितिको बुधबार सम्पन्न बैठकमा मुस्किलले ८ जना सांसद उपस्थित भए । दिउँसो २ बजेका लागि आह्वान गरिएको बैठक सांसदहरु उपस्थित नहुँदा ३ बजे सुरु भएको थियो ।

विगत एक महिनादेखि प्रदेशसभा बैठक सञ्चालन नहुँदा सो समितिको बैठकसमेत बस्न सकेको थिए । बैठकका विषयमा सांसदहरुको चासो नपर्दा बैठक आह्वानमा नै समस्या भएको थियो भने सो समितिमा एउटा विधेयक एक वर्षदेखि विचाराधीन अवस्थामा रहेको छ ।

जसोतसो बुधबार आह्वान भएको बैठकमा सांसदहरुको उपस्थिति न्यून रहेको थियो । बैठक सञ्चालनका लागि आवश्यक गणपूरक संख्या पुऱ्याउन नै सकस परेको थियो । संसदीय समितिको बैठक सञ्चालनका लागि प्रदेशसभा नियमावली २०७४ को दफा १५४ को (१) बमोजिम सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित हुनु पर्नेछ ।

उक्त बैठकमा समितिका १७ सदस्यमध्ये ८ जना उपस्थित भएका थिए । उपस्थित सांसदहरुसमेत बैठक सुरु हुँदासम्म बैठक कक्षमा थिएनन् । गणपूरक संख्याको मूल्यांकन गरेर समितिका सभापति आनन्दकुमार श्रेष्ठले बैठक सञ्चालन थालेपछि केही सांसदहरु बैठक कक्षमा प्रवेश गरेका थिए ।

बैठकमा उपस्थित सांसदमध्ये २ जना माओवादी केन्द्र, २ जना नेपाली कांग्रेस, राप्रपाकी एक र समितिका सभापतिबाहेक ३ जना एमालेका रहेका छन् । बैठकमा कांग्रेसकी याङ्कीला शेर्पा, यमुनादेवी श्रेष्ठ, एमालेकी भारती पाठक, ठूला थामी, बालकुमारी विश्वकर्मा, माओवादी केन्द्रका रुकु चौलागाईं, भुवनकेशरी श्रेष्ठ, राप्रपाकी धनेश्वरी प्रजापति उपस्थित रहेका थिए । उपस्थित मध्ये सांसद पाठक बैठकको बिचमा नै बैठक कक्षबाट बारिरिएकी थिइन् ।

बैठकमा समितिका अन्य ९ सांसद अनुपस्थित रहे । जसमा कांग्रेसका ३, माओवादी केन्द्रका १, राप्रपाका २, नेमकिपा र एकीकृत समाजवादीका १/१ सांसद अनुपस्थित रहेका थिए । बैठकमा कांग्रेसका दीपेन्द्र श्रेष्ठ, मसिना खड्का, शान्ता ढकाल, राप्रपाका राजु विष्ट, मोनिका श्रेष्ठ, माओवादी केन्द्रका तारानारायण श्रेष्ठ, नेमकिपाकी गीता काफ्ले र एकीकृत समाजवादीकी मायादेवी शर्मा अनुपस्थित रहे ।

### समितिको नाम परिवर्तन गर्न सांसदहरूको माग

बैठकमा प्रदेशको वन तथा वातावरण मन्त्रालयको गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनमाथि छलफलको कार्यसूची रहेको थियो भने सोही बैठकमा एक वर्षदेखि विचाराधीन प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची निर्धारण गरिएको थियो । उक्त कार्यसूचीअनुसार मन्त्रालयका सचिव धीरेन्द्रकुमार श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदनमाथि छलफलका क्रममा सांसदहरुले समितिको नाम नै परिवर्तन गर्न माग गरेका थिए ।

उनीहरुले वन मन्त्रालयले वातावरण क्षेत्रका कामहरु हेर्न नसकेको टिप्पणी गर्दै वातावरण क्षेत्रका विषयहरु समेट्न समितिको नाम परिवर्तन गर्न माग गरेका थिए । बैठकमा बोल्दै सांसद भारती पाठक, भुवनकेशरी श्रेष्ठ, याङ्कीला शेर्पा, यमुनादेवी श्रेष्ठलगागतले वातावरण क्षेत्रका विषय समेट्न समितिको नाम परिवर्तन गर्न माग गरेका थिए । उनीहरुले भेग विषयका रुपमा रहेको वातावरण क्षेत्रलाई समेट्न वन तथा वातावरण समिति थप गर्नुपर्ने बताए । उनीहरुले मन्त्रालयमा वातावरण महाशाखा र जिल्लास्थित कार्यालयहरुमा शाखाहरु राखेर काम गर्नु सुझाव दिएका थिए ।

## तत्काल नगरसभा गर्न मउवासंघको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ)ले तत्काल विशेष नगरसभा गर्न हेटौंडा उपमहानगर पालिकाको ध्यानाकर्षण गराएको छ । हेटौंडा उपमहानगरपालिकाले गरेको कर तथा राजश्वको दर वृद्धिको निर्णय फिर्ता गराउन संघले विशेष नगरसभा डाक्न माग गरेको हो ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि विभिन्न प्रकारका व्यावसायिक कर तथा राजश्वको दरमा १५० प्रतिशतसम्म वृद्धि गरेपछि व्यवसायीले त्यसको विरोध गर्दै आएका छन् । मउवासंघ, मकवानपुर निर्माण व्यवसायी संघलगायत व्यावसायिक संघसंस्थाले उपमहानगर नेतृत्वलाई कर वृद्धिको निर्णय फिर्ता लिन गरेको मागमा बेवास्ता गरेपछि व्यवसायी आन्दोलित भएका थिए ।

मउवासंघको अगुवाइमा गत साउन १८ गतेदेखि ३२ गतेसम्म विभिन्न चरणमा आन्दोलन गरिएको थियो । उक्त आन्दोलनकै क्रममा साउन ३२ गते मउवासंघ र उपमहानगरबीच वार्ता भई ८ बुँदे समझदारी भएको थियो । सबै शीर्षकमा वृद्धि गरिएको कर फिर्ता गरी पुरानै दर कायम गरिनुपर्ने व्यवसायीको माग सम्बोधनका लागि समझदारीको पहिलो बुँदामै नगरसभासमक्ष पेश गर्ने भनिए पनि नगरसभा नडाकिएको भन्दै ध्यानाकर्षण गरिएको हो ।

बुधबार संघले उपमहानगरपालिकालाई पत्र लेख्दै तत्काल विशेष समझदारीको बुँदा नम्बर १ लाई निःशर्त कार्यान्वयनका लागि जोडदार मागसहित ध्यानाकर्षण गराइएको छ । समझदारी भएको दुई साता हुन लाग्दासमेत नगरसभा आयोजना गर्ने कुनै औपचारिक पहल नगरेको भन्दै संघले सम्झौताको इमानदार पालनाको अभाव देखिएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । ध्यानाकर्षणपत्रमा भनिएको छ- 'उद्योगी, व्यवसायीबाट बढेको कर निरन्तर असुल्दै जाने र समझदारी गरेर आन्दोलनलाई स्थगित गराइ कमजोर बनाउने मक्सद त हैन भन्ने संशय पैदा गरेको छ ।' मउवासंघ र उपमहानगरपालिकाबीच भएका सहमतिहरु यथासक्य चाँडो कार्यान्वयन नहुने अवस्था भएमा फेरि पनि उद्योगी/व्यवसायीहरु आन्दोलनमा जानुको विकल्प नभएको पत्रमार्फत् जानकारी गराइएको छ ।




ERKE

Erke brand authorized showroom

D next dress up

हेटौंडा-१०, राप्तीरोड

राजक शाही

मोबाइल नम्बर ९८५५०७०१५६

# सम्पादकीय

## विदामा सार्वजनिक सेवा प्रवाह

राज्यले नागरिकको हित, प्रगति तथा उन्नतिका लागि प्रदान गरिने कुनै पनि खालका सेवा सुविधा र सद्भावको समष्टिलाई सार्वजनिक सेवा भनिन्छ । उक्त सेवालाई प्रभावकारी र वैज्ञानिक ढंगले विधिसम्मत जनतासमक्ष पुर्‍याउने कार्य नै सार्वजनिक सेवा प्रवाह हो । नेपाल संघीय शासन प्रणालीमा गइसकेपछि तहगत रुपमा संघ, प्रदेश तथा स्थानीय तहका सरकारबाट प्रभावकारी र दक्षतापूर्वक सार्वजनिक सेवा प्रवाह गर्ने विभिन्न संरचनागत व्यवस्था गरिएको छ । तर, नेपालको सार्वजनिक सेवा प्रवाह विकसित देशको तुलनामा दक्ष, प्रभावकारी, पहुँचयोग्य र लागतप्रभावी हुन सकेको छैन । सार्वजनिक सेवा प्रवाह राज्यको प्रमुख दायित्व र नागरिकको अधिकार हो । यसर्थ सरल र सहजरुपमा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नु सरकारको दायित्व हो ।

सेवाग्राहीको सहजताका लागि संघीय सरकारले २०८० माघ २९ गतेको राजपत्रमा सूचना प्रकाशित गरी २०८१ सालका १८ वटा सार्वजनिक विदाका दिन सेवा प्रवाह हुने जनाएको थियो । रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले तोकिएको सार्वजनिक विदाका दिनमा समेत दुई दर्जनभन्दा बढी सार्वजनिक सेवा प्रवाह गर्नुपर्ने सूचनामा जनाइएको छ । गत वैशाख ५ गतेको रामनवमी, जेठ १० गतेको उभौली पर्व, जेठ १५ गतेको गणतन्त्र दिवस, भदौ ३ गतेको रक्षा बन्धन र भदौ १० गतेको श्रीकृष्ण जन्माष्टमीमा सार्वजनिक सेवा प्रवाहका लागि तोकिएको सेवा प्रवाह गर्ने कार्यालय खुला गरिएका थिए । यस्तै, आगामी असोज १७ गते घटस्थापना, मंसिर ३० गते उँधौली पर्व, पुस १० गते क्रिसमस डे र पुस १५ गते तमु ल्होसार पर्वका दिन पनि ती कार्यालयबाट सेवा प्रवाह हुनेछ । पुस २७ गतेको पृथ्वी जयन्ती, माघ १ गतेको माघी पर्व, माघ १८ गतेको सहिद दिवस, माघ १७ गतेको सोनाम ल्होसार, फागुन १७ गतेको प्रजातन्त्र दिवस, फागुन १४ गतेको महाशिवरात्रि, फागुन १६ गते पर्ने ग्याल्पो ल्होसार, फागुन २४ गते पर्ने अन्तर्राष्ट्रिय महिला दिवस र नेपाल सरकारले निर्णय गरी सार्वजनिक बिदा दिइएको ईद पर्व (इद उल फित्र) को दिनमा पनि तोकिएको सेवा प्रवाह हुनेछ ।

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र सहज बनाउन सरकारले सार्वजनिक विदाका दिनमा पनि कतिपय सरकारी कार्यालय खुला राख्ने निर्णय गरेको भए पनि विदामा सेवाग्राहीको उपस्थिति ज्यादै न्यून भइरहेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले पनि तोकिएको सार्वजनिक विदामा नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतका सेवा प्रवाह गर्दै आएको भए पनि सेवाग्राहीको उपस्थिति न्यून हुने गरेको हो । सोमबार कृष्ण जन्माष्टमीको दिन जिल्ला प्रशासन कार्यालयमा नागरिकतासम्बन्धी सेवा लिन दुईजनामात्र सेवाग्राही उपस्थित भएका थिए । कार्यालयमा नयाँ राहदानी बनाउन ७ जना र राहदानी लिन ५ जना आए । ५२ जनाले राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाए भने २ जनाले मात्र परिचयपत्र लिए । जबकि कार्यालय खुलेको अन्य दिन सयौंको संख्यामा सेवाग्राही आउने गरेका थिए ।

संघीयताको मर्म सरकारलाई नागरिकको नजिक लानु हो । नागरिकले जति सहजरुपमा सार्वजनिक सेवा पाउँछन्, उनीहरुले सरकार नजिक भएको अनुभूति गर्न सक्छन् । राज्यबाट प्रदान हुने सेवा प्रवाहको सहज पहुँचको सुनिश्चितताले सुशासनको प्रत्याभूति पनि गराउँछ । सरकारप्रतिको नागरिकको दृष्टिकोण उनीहरुले प्राप्त गर्ने सार्वजनिक सेवाको गुणस्तर, सहजता र शीघ्रताको अवस्थाबाट बन्ने गर्दछ । यसले गर्दा पनि सरकारले नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा विशेष ध्यान दिएको हुन्छ र दिनुपर्छ । तर, सार्वजनिक विदामा पनि सेवा प्रवाह हुन्छ भन्ने जानकारी नभएकै कारण सेवा लिन आउनेको संख्या न्यून हुने गरेको छ । कर्मचारी सेवा प्रवाहका लागि विदाका दिनमा समेत कार्यालय खोलेर बस्ने तर नागरिक सेवा लिन नजाने हो भने सरकारको यो प्रयास निरर्थक हुनेछ । सेवाग्राही नहुने हो भने कर्मचारीलाई स । विदा दिएर सार्वजनिक विदाको दिन कार्यालय खोलेर बस्नुको औचित्य रहँदैन । यसले सरकारको खर्चमात्र बढाउँछ । विदामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुले सेवाग्राहीलाई स्पष्टरुपमा सेवा प्रवाहको बारेमा पर्याप्त जानकारी नदिँदासम्म विदामा सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्न सक्दैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सवारी साधनबाट बँच्दा बचाउँदा राम्रो होला ।
**वृष** : रोकिएका धन आगमन खोलिने समय छ ।
**मिथुन** : चुनौती झेलेर अगाडी बढिने समय योग छ ।
**कर्कट** : साहित्यिक क्षेत्रका काममा मन जाने समय योग छ ।
**सिंह** : घर–परिवारको सहयोगले काममा पूर्णता होला ।
**कन्या** : सामाजिक कृत्यमा सरिक भइने समय छ ।
**तुला** : कुरा काट्नेहरुले केही गर्न सक्ने छैनन् ।
**वृश्चिक** : कमी कमजोरीसँग सर्तकता अपनाउँदा राम्रो ।
**धनु** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**मकर** : पढाई–लेखाई मध्यमकारक रहने समय छ ।
**कुम्भ** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**मीन** : सामाजिक र साँस्कृति कृत्यमा सरिक भइने समय योग

# प्रभावहिन बजार अनुगमन



✍ रूपनारायण खतिवडा




बजारमा वस्तु र सेवाको माग र आपूर्तिमा उत्पन्न हुन सक्ने विभिन्न समस्याको समाधान गरी बजारलाई स्वस्थ र स्वच्छ तुल्याउन, आम उपभोक्ताको हितको संरक्षण गर्न एवं उपभोग्य वस्तुको सहज उपलब्धता सुनिश्चित गर्न-गराउन समेत बजार अनुगमनको जरुरत पर्छ । खुला बजार अर्थतन्त्र अवलम्बन गरेको नेपालजस्तो मुलुकमा बजार अनुगमनको अपरिहार्यता अझै बढी खड्किने गर्छ ।

मुलुकमा खुला आर्थिक नीति अवलम्बन गरिएसँगै निजी क्षेत्रको व्यावसायिक सुशासन र नैतिकताको प्रवर्द्धनका लागि चुस्त रूपमा बजार अनुगमन गर्नु सरकारको जिम्मेवारी हो । स्वस्थ बजार प्रतिस्पर्धाको वातावरण निर्माणका लागि अनुगमनकर्ताको रूपमा जिम्मेवार रहेको सरकारको प्रभावकारी भूमिकाको दरकार पर्छ । तर, नेपालको सन्दर्भमा हेर्ने हो भने वर्षभरि नै निरन्तर हुनुपर्ने बजार अनुगमन अप्रभावकारी र दसैं, तिहारजस्ता ठूला चाडपर्वहरु नजिकिएसँगै गरिने 'सिजनल' अनुगमन बनेका कारण बजारमा अनेकौं विकृति बढेको मात्र होइन, विकृत बजारको सोझो मारमा उपभोक्ताहरु प्रताडित बनिरहेका समेत छन् ।

बजारलाई स्वच्छ राख्न, उपभोक्ता हकलाई सुनिश्चित गर्न र बजार अनुगमनका लागि संवैधानिक, नीतिगत र कानुनी रुपमा पर्याप्त व्यवस्था गरिएको छ । नेपालको संविधानमा एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य गर्दै उपभोक्ताको हित संरक्षण गर्ने विषयलाई राज्यको नीतिका रुपमा व्यवस्थित गरिएको छ । यसैगरी उपभोक्ताको हकलाई मौलिक हकका रुपमा संविधानमा व्यवस्थित गरिएको छ, जसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहीन वस्तु एवं सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत गरिएको छ । उपभोक्ता संरक्षण ऐन-२०७५, नियमावली-२०७६, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन-२०६३, नियमावली-२०६६, बजार अनुगमन निर्देशिका-२०७९, बजार अनुगमनको कार्यविधि-२०७७ लगायत दर्जनौं कानुन र नीति-नियमहरूले यो विषयलाई प्रस्ट रूपमा मार्गनिर्देश गरेका छन् ।

संविधानले नै प्रत्याभूत गरेको उपभोक्ताको अधिकार संरक्षणका लागि सरकारी तवरमा निकै संस्था प्रत्यक्ष रूपमा संलग्न छन् । बजारमा व्यावसायिक क्रियाकलाप स्वच्छ, पारदर्शी एवं प्रतिस्पर्धी बनाउँदै गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुर्‍याई उपभोक्ता अधिकारको संरक्षण गर्ने तथा वस्तु र सेवाको व्यावसायिक क्रियाकलापको बजार अनुगमन गरी अनुगमनबाट देखिएको कैफियतउपर कानुनबमोजिम कारबाही गर्ने जिम्मेवारीका साथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग क्रियाशील रहेको छ । यसका अतिरिक्त खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, औषधि व्यवस्था विभाग, पशुपन्छी क्वारेन्टाइन विभागलगायत प्रदेश र स्थानीय तहलाई समेत उपभोक्ता हित संरक्षण र बजार अनुगमनको जिम्मेवारी प्रदान गरिएको छ । यसबाहेक गैरसरकारी तवरमा समेत थुप्रै संस्था यही उद्देश्यले क्रियाशील रहिआएका छन् । तर, व्यवहारमा आम उपभोक्ताले महसुस गर्न सक्ने गरी बजार अनुगमनको प्रभावकारिता देखिन सकेको छैन ।

बजार अनुगमनको मुख्य जिम्मेवारी पाएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले न्यून संख्यामा र सिजनल रूपमा बजार अनुगमन गर्ने गरेको छ । गत आर्थिक वर्षमा यो विभागले १ हजार ४ सय ३७ वटा टोली परिचालन गरी कुल ४ हजार २ सय ६९ वटा व्यावसायिक फर्मको अनुगमन सम्पन्न गरेको तथ्यांक छ । लाखौं संख्यामा व्यापारिक फर्म सञ्चालनमा रहेको सन्दर्भमा अनुगमन गरिएको यो संख्या आफैंमा अति नै न्यून रहेको देखिन्छ । अनुगमन गरिएकामध्ये १ हजार १ सय २ वटा फर्मसँग अनुसन्धानका लागि कागजात माग गरिएको, २ हजार १ सय २२ वटा फर्म र कम्पनीलाई सुधारका लागि निर्देशन दिइएको, ९ सय ३५ व्यावसायिक फर्मलाई कारबाही गरी ३ करोड ७५ लाख ७८ हजार जरिवाना गरिएको तथा १२ करोड ६० लाख मूल्यबराबरको मिति समाप्त भएका उपभोग्य वस्तु नष्ट गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको तथ्यांक छ ।

बजार अनुगमन भइरहँदा बजारमा अनेक थरी विकृति देखा परेका समाचारहरु दैनिकजसो सार्वजनिक हुने गरेका छन् । मुख्य रुपमा बजारमा भइरहेको कालोबजारी, अखाद्य, म्याद नाघेका र गुणस्तरहीन वस्तुको बिक्री-वितरण, अस्वाभाविक मूल्यवृद्धि, मिसावटजस्ता समस्या देखिने गरेका छन् । अनुगमन गरिएका पसल, व्यवसायमा खरिद मूल्य र बिक्री मूल्यबीचमा अस्वाभाविक एवं ठूलो अन्तर देखिएको, व्यवसाय दर्ता प्रमाणपत्र र व्यवसाय सम्बद्ध कागजातहरु नराखेको, नापतौल उपकरण नराखेको, खाद्य अनुज्ञापत्र नलिएको, बिलबिजकबेगर कारोबार गर्ने, सरकारले तोकिदिएको निश्चित प्रतिशतभन्दा बढी नाफा उपभोक्ताहरुसँग असुल गरिरहेको जस्ता तथ्यहरू बाहिरिएका छन् । प्राकृतिक प्रकोप, महामारीजस्ता असहज समयमा कृत्रिम अभाव सिर्जना गर्ने, अस्वाभाविक मूल्यवृद्धि गर्ने, म्याद गुज्रिएका सामान बिक्री-वितरण गर्ने जस्ता गतिविधि देखिने गरेका छन् ।

यी घटनाक्रमले प्रतिस्पर्धात्मक बजार सञ्चालन गर्ने जिम्मेवारी बोकेको निजी क्षेत्र पछिल्लो समयमा अटेर बन्दै गएको र उपभोक्ता हित प्रतिकूलका विभिन्न क्रियाकलाप गरिरहेको तीतो यथार्थ प्रस्ट्याइरहेका देखिन्छन् । सरकारी संयन्त्र कमजोर रहनुको अनावश्यक फाइदा निजी क्षेत्रले भरपुर रुपमा उठाइरहेको देखिन्छ । वस्तु र सेवाको गुणस्तर, परिमाण र मूल्यमा घटबढ गरी उपभोक्तालाई ठग्ने र अनुचित लाभ लिने, वस्तुको अनुचित सञ्चय गरी कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी, सिन्डिकेट, कार्टेलिङजस्ता स्वच्छ बजार र उपभोक्ता हित प्रतिकूलका कार्य हुने गरेका समाचारहरू पनि सञ्चार माध्यममा प्रशस्तै आउने गरेका छन् । व्यापारिक फर्महरूले आफ्नो फर्ममा उपलब्ध रहेका वस्तु तथा सेवाको मूल्यसूची नै नराख्ने र राखे पनि अद्यावधिक नगर्ने, लेबल नभएका र म्याद नाघेका सामान बिक्री-वितरण गर्ने जस्ता समस्याहरु आम उपभोक्ताले दैनिकजसो भोगिरहेका छन् ।

संवैधानिक, कानुनी र नीतिगत रूपमा सुदृढ व्यवस्था भए तापनि बजार अनुगमन नियमित र प्रभावकारी हुन नसक्नुमा केही समस्या ठोस रूपमा रहेका छन् । बजारको मुख्य पाटोका रूपमा रहेका आमउपभोक्ता उपभोक्ता शिक्षा र चेतनाको अभावमा आफ्ना अधिकारका बारेमा सचेत बन्न सकेका छैनन् । यसैगरी बजार अनुगमनको मुख्य जिम्मेवारी पाएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग अपर्याप्त बजेट, दक्ष जनशक्तिको न्यूनता, सवारी साधनहरुको अपर्याप्तालगायतका समस्याबाट गुज्रिरहेको छ । बजार अनुगमनको मुख्य जिम्मेवारी पाएको निकायलाई यस कार्यका लागि सुदृढ र सक्षम तुल्याउनेमा भन्दा पटके अनुगमन टोली गठन गरी सस्तो लोकप्रियता आर्जन गर्ने ध्याउन्नमा राजनीतिक नेतृत्व अग्रसर बनेको देखिन्छ ।

बजार अनुगमन टोलीलाई अनुगमनका क्रममा फिल्डस्तरमै तत्काल सजाय गर्न सक्ने अधिकार पनि विद्यमान कानुनमा व्यवस्थित हुन सकेको छैन, जसका कारण बजार अनुगमन औपचारिकतामा सीमित बन्न पुगेको छ । अनुगमनका क्रममा दोषी भेटिएका फर्महरूलाई तत्कालै कारबाही नहुने, भइहाले पनि कमजोर कानुनी व्यवस्थाका कारण सजायको मात्रा तुलनात्मक रुपमा कमजोर रहने गरेको छ । उजुरीमाथि छानबिन र कारबाही नहुने तथा केही गरी मुद्दा दर्ता भइहाले पनि फछ्र्योट हुन वर्षौं लाग्ने अवस्था रहिआएको छ । यस खालको अवस्थाले दण्डहीनताले प्रश्रय पाउनुका साथै उपभोक्ता हितविरुद्धका गतिविधि गर्न खोज्ने व्यापारिक फर्महरूको मनोबल उकास्ने काम भइरहेको छ ।

बजार अनुगमनलाई प्रभावकारी तुल्याउने सन्दर्भमा यस खालका विभिन्न समस्या देखिएका छन् नै, सँगसँगै पछिल्ला वर्षहरुमा बजार अनुगमनको विरुद्धमा निजी क्षेत्रका संगठनहरु नै विरोधमा उत्रिने गरेको दृष्टान्तले यसलाई थप पेचिलो बनाएको छ । विश्वव्यापीकरणको वर्तमान युगमा विश्वभर नै निजी क्षेत्रले प्रतिस्पर्धामार्फत आफ्ना व्यावसायिक गतिविधि सफलतापूर्वक अघि बढाइरहेको पाइन्छ । खुला बजार अर्थतन्त्रको सबैभन्दा सुन्दर पक्ष र आधारभूत चरित्र नै प्रतिस्पर्धात्मक बजारको प्रत्याभूति हो । हुन पनि निजी क्षेत्रले बजारसँग प्रतिस्पर्धा गर्न खुट्टा कमाउनै मिल्दैन । उदार आर्थिक व्यवस्थामा वस्तु तथा सेवाको उत्पादन एवं वितरणजस्ता क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा कायम गर्ने अहं भूमिका निजी क्षेत्रकै हो । तर, नेपालको निजी क्षेत्र प्रतिस्पर्धा र पारदर्शिताभन्दा अराजकता र मनोमानीको पक्षमा उभिन थालेका संकेतहरु बाक्लै रुपमा देखिने गरेका छन् ।

बजार अनुगमनलाई सिजनल र सस्तो राजनीतिक लोकप्रियता आर्जन गर्ने माध्यमका रूपमा मात्र उपयोग गर्न खोजियो भने त्यसले मुलुक र आम उपभोक्ताको हित सुनिश्चित गर्न सक्दैन । सुदृढ संस्थागत व्यवस्थाका साथ निरन्तर सञ्चालन गरिनुपर्ने नियमित प्रकृतिको यो विषयलाई चाडपर्व नजिकिएसँगै तदर्थवादी ढंगले सम्पादन गरेर बजार अनुगमनको वास्तविक अभीष्ट पूरा हुन सक्ने स्थिति रहन्न । अनुगमनकारी निकायहरूलाई स्रोतसाधनले सम्पन्न तुल्याई अनुचित नाफा कमाउन खोज्ने र उपभोक्ताको स्वास्थ्यसँग खेलबाड गर्ने प्रवृत्तिविरुद्ध नियमित रूपमा लागिरहन जरुरी छ । अर्कातर्फ इमानदार व्यवसायी, सचेत र जागरुक उपभोक्ता, सुदृढ कानुन र सोको प्रभावकारी कार्यान्वयन तथा जिम्मेवार राज्य बजारको स्वच्छताका लागि अपरिहार्य पक्षहरू हुन् । यी पक्षहरू कायम राख्नसमेत बजार अनुगमनले चुस्तता र प्रभावकारिताका साथ निरन्तरता पाउन जरुरी छ । यसो हुन सकेमात्रै आम उपभोक्ताको हित संरक्षित भई खुला बजार अर्थतन्त्रको राष्ट्रिय नीतिले सार्थकता पाउन सक्ने आशा गर्न सकिन्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# कोही शिशु किन ढिलो बोल्छन् ?



✍ डा. बाबुराम पाण्डे
बालरोग विशेषज्ञ

बच्चाको विकास आमाको गर्भबाटै सुरु हुन्छ । गर्भावस्थाको पहिलो तीन महिनामा बच्चाको छिटो विकास हुन्छ । जब बच्चा जन्मन्छ, त्यसपछि पनि धेरै क्षमता विकास हुन्छन् । यी क्षमताहरूमा बोल्ने क्षमता पनि समावेश हुन्छ । कतिपय बालबालिकाले छिट्टै बोल्न सिक्छन् भने कतिपयलाई निश्चित उमेरमा पनि कम बोल्ने वा बोल्न अलि ढिलो हुने हुन्छ ।

निश्चित समय भन्दा केही ढिलो बोल्नु सामान्य हुनसक्छ । तर केही बच्चामा यसो हुनुको पछाडि सामान्यदेखि गम्भीर कारण हुनसक्छन् ।

### कुन उमेरमा बच्चाले बोल्न थाल्छन् ?

बच्चाले ६ महिनाबाट नै मा बा जस्ता शब्द (एक अक्षरको) बोल्न सुरु गर्छन् । नौ महिनामा ममा, बाबा जस्ता शब्द (दुई अक्षरको) बोल्न थाल्छन् । एक वर्षको उमेरबाट भने आमा, बाबा जस्ता एउटा पूरा शब्द बोल्न थाल्छन् ।

१८ महिनाबाट भने पाँचदेखि १० शब्द बोल्न सक्छन् । दुई वर्षमा ५० वटा शब्द बोल्न सक्छन् । तीन वर्षमा भने बच्चाले एउटा पूरा वाक्य नै बोल्न सक्छन् ।

बच्चाले १८ महिनासम्म पनि एउटा शब्द बोलेन भने बच्चाले बोल्नमा ढिला भयो भनेर बुझिन्छ ।

### केही बालबालिका किन ढिलो बोल्छन् ?

### 'टङ्गटाइ' जिब्रो टाँसियो भने

यो समस्यामा बच्चाको जिब्रो जन्मदेखि नै सानो वा टाँसिएको हुन्छ, जसकारण जिब्रो चलाउन गाह्रो हुन्छ । यसले गर्दा बच्चाको खानपानदेखि बोलीसम्मलाई असर गर्छ ।

### समयपूर्व जन्म हुनु

९ महिना नपुग्दै जन्मिएका बालबालिकाले ढिलो बोल्न सुरु गर्न सक्छन् । समयपूर्व जन्मिएका बच्चालाई बोल्न मात्रै समस्या हुँदैन, उनीहरूमा ढिलो सुन्ने र अन्य सीप पनि ढिलो विकास हुन्छ । यस्तो अवस्थामा धेरै चिन्ता लिनु पर्दैन । यस

...बाँकी पृष्ठ ३ मा

# वनका कानुन तत्काल संशोधन गर्न संसदीय समितिको निर्देशन



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा अन्तर्गतको उद्योग, पर्यटन तथा वातावरण समितिले तत्काल वन तथा वातावरणसँग सम्बन्धित ऐन संशोधन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ । समितिको बुधबार बसेको बैठकले संघीय ऐनसँग बाझिएका प्रदेशका ऐनहरु तत्काल संशोधनका लागि व्यवस्था मिलाउन निर्देशन गरेको हो ।

समितिका सभापति आनन्दकुमार श्रेष्ठले वन तथा वातावरण संरक्षणका विषयहरु अति संवेदनशील भएकाले आवश्यक प्रक्रिया पूरा गरी ऐन संशोधनका लागि पेश गर्न र सोबारे समितिलाई जानकारी गराउन निर्देशन गरेका हुन । प्रदेश सरकारले २०७५ मा बनाएको प्रदेश वन ऐन संघीय सरकारले जारी गरेको राष्ट्रिय वन ऐनसँग बाझिएकाले हालसम्म कार्यान्वयनमा आउन सकेको छैन । ऐन कार्यान्वयनमा नआउँदा प्रदेश वन नियमावली निर्माण गर्न सकिएको छैन । नियमावली ड्राफ्ट भई मन्त्रालयमा नै थन्किएको छ ।

वन तथा वातावरणका संरचनाहरु अर्धन्यायिक निकाय भएकाले कानुनीरुपमा सशक्त र जिम्मेवार बनाउन ऐन संशोधनमा गम्भिर हुन बैठकले सुझाव दिएको छ । बैठकले कानुनी अप्ठेराका विषयहरु समाधान गर्न संघीय सरकार सँग आवश्यक समन्वय गरेर नयाँ ढंगबाट अघि बढ्न अनुरोध गरेको छ ।

समितिको बैठकले प्रदेशको मन्त्रालयले वन क्षेत्रका कार्यक्रमलाई मात्र प्राथमिकता दिएका र वातावरण संरक्षणका विषयहरु छुट्न गएकाले मन्त्रालयमा वातावरण महाशाखा र वन कार्यालयहरुमा शाखा खडा गर्न निर्देशन दिएको छ । बैठकले आधिकारिक संरचना खडा भएपश्चात् वातावरण क्षेत्रका विभिन्न कार्यक्रम र विषयहरु अघि बढाउन सहज हुने भएकाले आवश्यक व्यवस्थापन सहित महाशाखा र शाखा निर्माण गर्न निर्देशन दिएको हो ।

बैठकले मन्त्रालयमा आर्थिक अनुशासन र सुशासन कायम गर्न बेरुजु फछ्र्यौटमा गम्भिर हुन आग्रह गरेको छ । बेरुजुले कार्यसम्पादन मूल्यांकनमा समेत प्रभाव पार्ने भएकाले न्यूनीकरणमा जोड दिन आग्रह गरेको हो । बेरुजु न्यूनीकरणका लागि आवश्यक कार्ययोजना निर्माण गरेर अघि बढ्न बैठकले मन्त्रालयलाई सुझाव दिएको छ ।

# १५४ जनामा डेंगु, ८१ जनामा स्क्रब टाइफस पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा डेंगु र स्क्रब टाइफसको संक्रमण बढ्दै गएको छ । चालु आर्थिक वर्षको साउन महिनादेखि हालसम्म एक सय ५४ जनामा डेंगु पुष्टि भइसकेको छ । जिल्लामा ७१ जना पुरुष र ८३ जना महिलामा डेंगु पुष्टि भएको हो ।

बुधबारमात्र जिल्लाका ७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार डेंगु पुष्टि हुनेमा ६ जना हेटौंडा उपमहानगरपालिका र एक जना कैलाश गाउँपालिकाका बासिन्दा रहेका छन् ।

जिल्लाको हेटौंडा उपमहानगर पालिकामा सबैभन्दा बढि डेंगु संक्रमण पुष्टि भएको छ । हेटौंडामा मात्र एक सय १४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । यस्तै, मनहरी गाउँपालिकाका १६ जना, मकवानपुरगढी गाउँपालिकाका ८ जना, बकैया गाउँपालिकाका ६ जना र भीमफेदी गाउँपालिकाका ३ जनामा डेंगु पुष्टि भइसकेको छ । कैलाश गाउँपालिकाका २ जना र बागमती गाउँपालिकाका एक जनामा डेंगु संक्रमण पुष्टि भइसकेको तथ्याङ्कमा उल्लेख छ ।

मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका र राक्सिराङ गाउँपालिकाका बासिन्दामा डेंगु देखिएको छैन । ठेगाना नखुलेको एक जना र अन्य जिल्लाबाट ३ जनामा डेंगु पुष्टि भएको छ ।

जिल्लामा डेंगुसँगै स्क्रब टाइफस पनि तीव्र गतिमा बढिरहेको छ । बुधबार जिल्लाका ५ जनामा टाइफस पुष्टि भएको हो । टाइफस पुष्टि हुनेमा २ जना हेटौंडा, २ जना मनहरी र एक जना बकैया गाउँपालिकाका रहेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार साउन महिनादेखि हालसम्म ८१ जनामा स्क्रब टाइफस पुष्टि भएको छ । जिल्लामा २६ जना पुरुष र ५५ जना महिलामा स्क्रब टाइफस पुष्टि भएको हो ।

डेंगुजस्तै स्क्रब टाइफस पनि हेटौंडामै बढि पुष्टि भएको छ । हेटौंडा उपमहानगरपालिकाका ४३ जना, मनहरी गाउँपालिकाका १० जना, मकवानपुरगढी र बकैया गाउँपालिकका ९-९ जना, भीमफेदी गाउँपालिकाका ५ जनामा स्क्रब टाइफस पुष्टि भएको छ । बागमती गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र राक्सिराङ गाउँपालिकाका एक-एक जनामा स्क्रब टाइसफल संक्रमण पुष्टि भइसकेको छ । जिल्लाको थाहा नगरपालिकामा भने स्क्रब टाइफस संक्रमण देखिएको छैन ।

स्क्रब टाइफस माइस किराबाट लाग्ने रोग हो । माइस किराले मानिसको छालामा दागहरुको एलर्जी गराउँछ । स्क्रब टाइफसको संक्रमण भएमा मानव शरीरको विभिन्न अंगमा बिबिरा देखिन्छ । टाइफसको संक्रमण भएमा निको हुन ४ हप्ता लाग्नसक्छ । टाइफस संक्रमण भएको अवस्थामा केहि शारीरिक जटिलता भएमा तुरुन्तै डाक्टरको सल्लाह लिन जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजारले अनुरोध गर्नुभएको छ । साउन महिनायता जिल्लामा स्क्रब टाइफस संक्रमण बढि देखिएको मिजारले बताउनुभयो ।

माइस किरा झाडीमा पाइने गर्दछ । घर वरिपरिको झाडी सफा गर्न मिजारले आग्रह गर्नुभएको छ । स्क्रम टाइफस रोगले मिर्गौला र कलेजोलाई क्षति गर्न सक्दछ । संक्रमित व्यक्तिको सहि अवस्थामा उपचार नभएमा मृत्युसमेत हुनसक्ने मिजारले बताउनुभयो ।

# इन्जिनियर एसोसिएसनका उम्मेद्वारको परिचयात्मक कार्यक्रम



समाज संवाददाता

हेटौंडाः नेपाल इन्जिनियर एसोसिएसन ३४ औं केन्द्रीय कार्यसमिति र तेस्रो प्रादेशिक कार्यकरिणी समिति बागमती प्रदेशका लोकतान्त्रिक समूहका उम्मेद्वारहरुको परिचयात्मक कार्यक्रम भएको छ । शनिबार हेटौंडा-४ स्थित होटल सामनामा लोकतान्त्रिक समूहका उम्मेद्वारहरुको परिचयात्मक कार्यक्रम भएको हो ।

वनविज्ञान क्याम्पसका प्राध्यापक शिवकुमार माञ्जनको सभाध्यक्षता तथा सिडीयनका पूर्वसभापति उमेशप्रसाद थानीको प्रमुख आतिथ्यमा परिचयात्मक कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न इन्जिनियरहरुको उपस्थिति रहेको थियो ।

भाद्र २८ गते हुने निर्वाचनमा केन्द्रीय कार्यकारिणी समिति अध्यक्ष पदका लागि सुवासचन्द्र बराल, उपाध्यक्षका लागि प्रकाश केसी, महासचिवका लागि विनोद पण्डित, उपसचिवका लागि अनिल मानन्धर, कोषाध्यक्षका लागि सुमन थापा र सह-कोषाध्यक्षका लागि कृष्णप्रसाद पोखरेलले उम्मेद्वारी दिने भएका छन् । बरालको प्यानलबाट उहाँहरुले उम्मेद्वारी दिने हुनुभएको हो ।

यस्तै, प्रादेशिक कार्यकरणी समितिको सभापतिका लागि बलराम पुडासैनी, उपसभापतिमा विभूषण चालिसे, महासचिवमा दीपक भट्ट, सचिवमा विवेक श्रेष्ठ र कोषाध्यक्षमा निर्मला तामाङले उम्मेद्वारी दर्ता गराएका छन् । पुडासैनीको प्लानलबाट उम्मेद्वारी दर्ता गराएका हुन् ।

# पहिरोले विद्यालय भवन भत्कियो

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिका-१२, कोलखोपस्थित श्री प्राथमिक विद्यालय भवन पहिरोले भत्किएको छ । मंगलबार अविरल वर्षासँगै माथिबाट पहिरो खस्दा विद्यालयको भवन भत्किएको हो ।

पहिरोले ईट्टा, सिमेन्ट र जस्ताले बनेको भवनको दुई वटा कोठा भत्किएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पहिरोले कोठाभित्र रहेको फर्निचर र फाइलहरु पूर्णरुपमा क्षति भएको र भवनसँग जोडिएको शौचालयमा समेत आंशिक रुपमा क्षति भएको जनाएको छ । घटनाबारे अध्ययन गर्न इलाका प्रहरी कार्यालय ठिंगनबाट टोली खटिएको छ ।

# बाढी, पहिरोलगायत विपद्मा परी २१० जनाको मृत्यु

काठमाडौंः अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी बुधबार दिउँसोसम्म २ सय १० जनाको मृत्यु भएको छ । बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २९ जना, मधेस प्रदेशमा ८ जना, बागमती प्रदेशमा ४६ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३८ जना, कर्णाली प्रदेशमा १४ जना र सुदूरपश्चिम प्रदेशमा १६ जना गरी जम्मा २ सय १० जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।



काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ४२ जना, मधेस प्रदेशमा १२ जना, बागमती प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ४७ जना, लुम्बिनी प्रदेशमा २५ जना, कर्णाली प्रदेशमा ६८ जना र सुदूरपश्चिम प्रदेशमा ३६ जना गरी जम्मा २ सय ७२ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै, काठमाडौं उपत्यकामा ३३ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा १ सय १ जना गरी जम्मा २ सय १५ जनाको उद्दार गरिएको छ ।

बाढी पहिरोमा परी कोशी प्रदेशमा ३ जना, मधेस प्रदेशमा १ जना, बागमती प्रदेशमा ४३ जना, गण्डकी प्रदेशमा २ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ५२ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।

बाढीको कारण ४ सय ८ घर डुबानमा परेका छन् । ३ सय ६५ वटा घर, १ सय २६ वटा गोठ, ५३ वटा पुल, ७ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ९ सय ७२ वटा पशु चौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ६ हजार ४९ घर परिवार विस्थापित भएका छन् ।

*(स्रोतः रातोपाटी)*

## केहि शिशु...

अवस्थामा बच्चालाई समय-समयमा जाँच गर्नुपर्छ ।

**कानको संक्रमण**

कतिपय बालबालिका जन्मेपछि कानको संक्रमणबाट पीडित हुन्छन् । यस्ता बालबालिकाको बोल्ने क्षमतामा ठूलो असर पर्छ । यस कारणले गर्दा बच्चा ढिलो बोल्न सक्छ । यदि बच्चाले बारम्बार आफ्नो कान नजिक औंला लैजान्छ भने चिलाएर हुनसक्छ । यस्तोमा उसको कान जाँच गर्नुपर्छ ताकि उसको बोल्ने क्षमता विकास होस् ।

**श्रवण क्षमता कमजोर**

कतिपय बालबालिकालाई जन्मदेखि नै कतिपय कुरा बुझ्न र सुन्नमा कठिनाइ हुन्छ, जसकारण उनीहरू ढिलो बोल्न सक्छन् । किनभने उनीहरूले बोलेको बुझ्दैनन् र प्रतिक्रिया दिन सक्दैनन् ।

**बढी स्क्रिन टाइम**

आजभोलि अभिभावकहरूले खाना खुवाउने बेलामा तथा आफू व्यस्त भएको बेला बच्चालाई स्क्रिनमा भुलाउने चलन छ । यसरी बच्चाले लामो समय स्क्रिनमा बिताउँछ भने एकोहोरो भएर पनि उनीहरुले उचित समयमा बोल्न सक्दैनन् ।

**न्युरोलोजिकल समस्या**

यदि बच्चा उचित उमेरमा बोलेको छैन भन्ने लाग्छ, ढिलो भयो भन्ने लाग्छ भने अस्पताल गएर परीक्षण गर्नुपर्छ । कहिलेकाहीं यो समस्याको कारण न्युरोलोजिकल अक्षमता हुनसक्छ । यस्तो अवस्थामा तुरुन्तै डाक्टरसँग परामर्श लिनुपर्छ ।

**अटिजम**

कहिलेकाहीं बच्चा ढिलो बोल्नुको कारण अटिजम पनि हुनसक्छ । यस अवस्थाबाट पीडित बालबालिकालाई आफ्नो भाषा बोल्न, बुझ्न र बुझाउन गाह्रो हुन्छ । अटिजम डिसअर्डरबाट पीडित बालबालिकालाई राम्रो हेरचाह चाहिन्छ ।

**अभिभावकले ध्यान दिनुपर्ने कुरा**

यदि बच्चाले आमाबुबासँग आँखा जुधाउँदैन, बोलाउँदा प्रतिक्रिया दिंदैन र बच्चाले १८ महिनासम्म एउटा शब्द पनि बोलेन भने उसको जिब्रो टाँसिएको छ कि भनेर हेर्नुपर्छ । अटिजमको लक्षण देखिएको छ कि भनेर पनि ध्यान दिनुपर्छ । यस्ता लक्षण देखिए अस्पताल गएर परीक्षण गर्नुपर्छ ।

परीक्षण गर्दा केही समस्या पत्ता लागे चिकित्सकको सल्लाहअनुसार त्यो समस्याको उपचार गरेपछि बच्चाले बोल्न थाल्छ । जस्तो जिब्रो टाँसिएको छ भने त्यसको शल्यक्रिया गरिन्छ । कानमा संक्रमण भएको छ भने त्यसको उपचार गरिन्छ । *(स्रोतः अनलाईनखबर)*


## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मितिः २०८१/०५/१२)*

यस विद्यालयमा नि.मा.वि. तह राहत अनुदान कोटा अंग्रेजी विषयको रिक्त पदमा शिक्षक सेवा आयोगको करार सूचीबाट पदपूर्ति गर्ने प्रयोजनका लागि हेटौंडाको च.नं. ६३ मिति २०८१/०५/१२ आजैको मितिबाट सात दिनभित्र नियमानुसार शिक्षक सेवा आयोगको करार सूचीमा रहेका व्यक्तिहरुका लागि मात्र लागु हुने गरी यस विद्यालयको वि.व्य.स. को हिजो मिति २०८१/०५/११ मा बसेको बैठकको निर्णयअनुसार आवेदन दिनु हुन तपशिल अनुसार पुनः विज्ञापन प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | विषय | नियुक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १-०८१/०८२ | अंग्रेजी | करार (राहत अनुदान कोटा) | १ | नि.मा.वि. सम्बन्धित | विषयमा B.Ed. वा सो (सरह उत्तीर्ण गरी कम्तीमा नि.मा.वि. तहको स्थायी अध्यापन अनुमति प्राप्त |

२. तलब सुविधाः नेपाल सरकारको नियमानुसार
३. परीक्षाः लिखित, अन्तरवार्ता र कक्षा अवलोकन आवश्यकता अनुसार)
४. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. निवेदन दिने अन्तिम मितिः २०८१/०५/१८
६. सम्पर्क मितिः २०८१/०५/१९
७. परीक्षा मितिः सम्पर्क मितिका दिन तोकिनेछ ।
८. पेश गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अध्यापन अनुमतिपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, हस्तलिखित निवेदन, CV, करार सूचीको प्रतिलिपि र अनुभव सम्बन्धी कागजातहरु सहित नोटरी प्रमाणित गरिएका प्रतिलिपिहरु
९. सम्पर्क नम्बरः ९८४५०३०८७६ (प्र.अ) ९८४२२०८९१९ (अध्यक्ष वि.व्य.स)

**श्री जनजागृति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

**हेटौंडा-१५, रातोमाटे, मकवानपुर**



## शिक्षक आवश्यकता

*(दोस्रो पटक प्रकाशित मितिः २०८१/०५/१३)*

प्रस्तुत विषयमा बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०४/२४ को च.नं. १२४ को प्राप्त विज्ञापन अनुमति पत्रअनुसार यस विद्यालयमा रिक्त रहको तपशिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | विषय | पद श्रेणी | संख्या | परीक्षा दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १-०८१/०८२ | अंग्रेजी | मा.वि. तृतीय गा.पा. अनुदान शिक्षक | १ | रु. १,५००/- | मूल विषय अंग्रेजीमा स्नातक उत्तीर्ण गरेको |

२. तलब सुविधाः गा.पा. बाट तोकिए बमोजिम ।
३. परीक्षाः लिखित, अन्तरवार्ता ।
४. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. निवेदन दिने अन्तिम मितिः २०८१/०५/१९ गते अपरान्ह ४:०० बजे ।
६. सम्पर्क मितिः २०८१/०५/२०
७. परीक्षा मितिः सम्पर्क मितिका दिन तोकिनेछ ।
८. पेश गर्नुपर्ने कागजातहरुः, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि ।
९. माथिल्लो योग्यता भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ ।

**नोट**ः दरखास्त सानिमा बैंकको खाता नं. ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरी स्क्यान बैंक भौचर ईमेलः chandrathapa2027@gmail.com मार्फत पनि दिने सकिने छ ।

सम्पर्क नम्बरः ९८४५६८७९९९ (प्र.अ), ९८४६८७२६१८ (स.प्र.अ.) ९८४५५३९७३० (वि.व्य.स)

**श्री देवकी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

**बागमती गाउँपालिका-५, लिलादमार, ज्यामिरे**

## जोन स्मृति फुटबल

# नयाँबस्तीलाई हराउँदै रमनटार सेमिफाइनलमा प्रवेश



समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगिताको बुधबार भएको खेलमा विजयी हुँदै रमनटार क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । मकवानपुरको मनहरी गाउँपालिका वडा-६ स्थित जोगीताल खेल मैदानमा जारी खेलमा नयाँबस्ती क्लबलाई १-० गोलले हराउँदै रमनटार सेमिफाइनलमा प्रवेश गरेको हो । रमनटारको जीतमा रोमन श्रेष्ठले निर्णायक गोल गरेका हुन् ।

यस्तै, बुधबार भएको पहिलो खेलमा जनहित युवा क्लबलाई टाइब्रेकरमा ४-१ गोल अन्तरले हराउँदै एफसी मिन्था क्वार्टरफाइनलमा प्रवेश गरेको छ । निर्धारित समयमा एक-एक गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको थियो । जनहितबाट साजन लामाले एक गोल गरेका थिए भने मिन्थाबाट अमित चौधरीले गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए ।

प्रतियोगिताअन्तर्गत आज बिहीबार क्वार्टरफाइनल चरणको अन्तिम दुई खेल हुँदैछ । प्रतियोगिताबाट हेटौंडा फुटबल एकेडेमी, विजयुन एफसी, चितवन जिल्लाको भरतपुर महानगरपालिका, योग ज्योति क्लब, बेलचोक, सुनादेवी, एफसी मनहरी, एफसी सिम्पानी, लामिटार, कमलादेवी, सशस्त्र प्रहरी बलको एपीएफ, जय मनकामना, मिसन-८४, जनहित र नयाँबस्तीलाई बाहिरिइसकेको छ ।

२०७२ सालको भूकम्पमा परेर निधन भएका राना मगरको स्मृतिमा सयपत्री युवा क्लबले यस वर्षबाट प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनका दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको बताइएको छ ।

प्रतियोगितालाई सफतापूर्वक सम्पन्न गर्नका लागि प्रहरी परिचालन, स्वयम्सेवकको व्यवस्था र मनोज जिम्बाको संयोजकत्वमा सुरक्षा व्यवस्था समिति गठन गरेको छ । प्रतियोगिताका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भएको आयोजक कमिटीले जानकारी दिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत खेलाडीहरु उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, हाइ स्कोरर, उत्कृष्ट फरवार्डलगायतका खलाडीहरुले २ हजार रुपैयाँ नगद राशिसहित ट्रफी प्राप्त गर्नेछन् । विभिन्न खेलाडीहरुलाई फुटबल खेलको महत्व बुझाउन, खेलाडीको प्रतिस्पर्धात्मक क्षमता बढाउन र खेलाडीहरुबीच भातृत्व कायम गराउनका लागि क्लबले प्रतियोगिता आयोजना गर्न सुरु गरेको बताएको छ । प्रतियोगितालाई निरन्तरता दिने आयोजक कमिटीको योजना रहेको छ ।

प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ । प्रतियोगिताका लागि करिब १ लाख ३० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# हेटौंडा अस्पतालबाट ७१ जनाले डायलासिस सेवा लिँदै, ८४ जना पालो कुर्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको डायलासिस विभागबाट ७१ जना मिर्गौलाका बिरामीहरुले सेवा प्राप्त गरिरहेका छन् । अस्पतालले २६ जना महिला र ४५ जना पुरुषलाई डायलासिस सेवा नियमित रुपमा प्रदान गरिरहेको डायलासिस विभागकी इन्चार्ज सीमा कँडेलले जानकारी दिनुभयो ।

हाल अस्पतालको डायलासिस विभागबाट सेवा प्राप्त गर्नका लागि ८४ जना मिर्गौला बिरामी प्रतीक्षा गरिरहेका छन् । अस्पतालले विभागमा सिमित मेसिन र क्षमता भएका कारण सबै बिरामीलाई सेवा दिन सकेको छैन । अस्पतालमा अहिले १९ वटा मेसिनमध्ये १३ वटा मेसिन सञ्चालनमा रहेको कँडेलले बताउनुभयो ।

हेटौंडा अस्पतालले डायलासिस सेवा स्वास्थ्य बिमाबाट बन्द गरेको छ । स्वास्थ्य बिमा बोर्डको सूचनाअनुसार विपन्न नागरिक कार्यक्रम लागू भएका स्वास्थ्य संस्थाहरुको डायलासिस सेवा स्वास्थ्य बिमाबाट दावी नहुने भएकाले हेटौंडा अस्पतालले बिमाबाट डायलासिस सेवा बन्द गरेको हो ।

मिर्गौलाका बिरामीहरुले अस्पतालबाट हप्तामा दुई पटक डायलासिस सेवा प्राप्त गरिरहेका छन् । अस्पतालले बिरामीलाई बिहान र दिउँसो गरी दुई सिफ्टमा सेवा दिने गरेको कँडेलले बताउनुभयो । कँडेलका अनुसार विभागले साउन महिनामा ६ सय ६७ पटक बिरामीलाई डायलासिस गराएको थियो । जसमा ३० वटा एमर्जेन्सीका बिरामी रहेको उहाँको भनाइ छ ।

अहिले मकवानपुरबाहेक बारा जिल्लाका ४ जना, पर्साका एक जना, सिरहाका एक जना र रसुवाका एक जनाले सेवा लिइरहेका छन् । डायलासिस विभागमा अहिले एक जना मिर्गौलाका डाक्टर (नेफ्रोलोजिस्ट) दिनेश्वरी श्रेष्ठले सेवा प्रदान गरिरहनु भएको छ । डा. श्रेष्ठ एक हप्ताअघि विभागमा आउनु भएको थियो । डाक्टर आउनु भएपश्चात् बिरामीले पाउने सेवामा सहज भएको कँडेलले बताउनुभयो ।

डा. श्रेष्ठले विभागमा पूर्ण समय दिनु भएको उहाँको भनाइ छ । डायलासिस विभागमा हेटौंडा उपमहानगरपालिकाले आवश्यकताअनुसार स्टाफ पठाएको छ ।

विभागमा आइतबार डायलासिस गरेका मिर्गौला बिरामीहरुको बुधबार पुनः पालो आउँछ । यस्तै, सोमबार डायलासिस गरेका बिरामीहरुको बिहीबार र मंगलबार डायलासिस गरेका बिरामीहरुको शुक्रबार पालो राखिएको कँडेलले बताउनुभयो । कँडेलका अनुसार एक बिरामीलाई डायलासिस गर्न ४ घण्टा लाग्छ भने बिरामीलाई २ जना स्टाफ नर्सले हेर्नुपर्ने हुन्छ । डायलासिस गराइरहेका बिरामीको अवस्था सामान्य रहेको कँडेलले बताउनुभयो ।




# हाजिरीजवाफ प्रतियोगितामा आधुनिक प्रथम

समाज संवाददाता

हेटौंडाः श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा भएको अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगितामा हेटौंडा-४ को आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय प्रथम भएको छ । बुधबार हेटौंडा उपमहानगरपालिका-४ स्थित कृष्ण प्रणामी मन्दिर, अक्षरातितधाममा भएको माविस्तरीय हाजिरीफवाफ प्रतियोगितामा आधुनिक मावि प्रथम भएको हो ।

प्रतियोगितामा सहभागी १३ वटा विद्यालयमध्ये हेटौंडा-४ स्थित ब्रह्मदिक एकेडेमी द्वितीय र हेटौंडा-७ स्थित तासिर इङ्गलिस बोर्डिङ स्कूल तृतीय भएको परिषद्का जिल्ला उपाध्यक्ष नवराज ढकालले जानकारी दिनुभयो । प्रथम हुने आधुनिकको समूहमा पियुष शाह, विशाल पटेल र उत्कृष्टी सिम्खडा हुनुहुन्थ्यो । द्वितीय हुने ब्रह्मदिकको समूहमा सुबोध आचार्य, आभाष घिमिरे र कृष्मा लौडारी हुनुहुन्थ्यो । यस्तै, तृतीय हुने तासिरको समूहमा रुही अधिकारी, कुशल गौतम र साहस चौलागाई हुनुहुन्थ्यो ।

परिषद्ले प्रथम, द्वितीय र तृतीय हुने समूहलाई मेडल, प्रमाणपत्र र शैक्षिक सामग्री प्रदान गरेको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य रहेको थियो भने परिषद्का जिल्ला अध्यक्ष सुजन तिमल्सिनाको सभाध्यक्षता रहेको थियो ।

कार्यक्रममा परिषद्ले माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८० मा राम्रो नतिजा ल्याएका दुईजना विद्यार्थीलाई सम्मान गरेको छ । परिषद्ले छात्रातर्फ प्रकृति तिमल्सिना र छात्रतर्फ विराज तिमल्सिनालाई प्रमाणपत्रसहित सम्मान गरेको ढकालले बताउनुभयो । यस्तै, परिषद्ले प्रणामी सम्प्रदायमा रहेर धर्म संरक्षण एवम् प्रवर्द्धनमा योगदान दिएका कविराज ढकाल र पतञ्जलि योग समिति मकवानपुरका अध्यक्ष रामकृष्ण थापालाई सम्मान गरेको ढकालले बताउनुभएको छ ।

# अस्पतालले नियुक्तिपत्र लिन बोलायो

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालले लिएको अन्तरवार्तामा सफल भएका उम्मेदवारहरुले ७ दिनभित्र अस्पतालबाट नियुक्तिपत्र लिन सकिने व्यवस्था मिलाएको छ । बुधबार हेटौंडा अस्पतालले एक सूचना जारी गर्दै ७ दिनभित्र अस्पतालमा करार सम्झौतामार्फत् नियुक्ति लिनको लागि अस्पताल प्रशासन शाखामा सम्पर्क गर्न सूचित गरेको छ ।

अस्पतालले साउन २३ गतेदेखि २८ गतेसम्म अन्तरवार्ता लिएको थियो । अस्पताल प्रशासनले उक्त अन्तरवार्ताको नतिजा साउन ३१ गते प्रकाशन गरेको थियो । नतिजाको प्रकाशन भए पनि सफल उम्मेदवारलाई नियुक्ति दिएको थिएन ।

अस्पतालले सफल उम्मेदवारहरुलाई बढिमा एक हप्ताभित्र अस्पतालमा नियुक्ति लिनका लागि प्रशासन शाखामा सम्पर्क राख्न सूचित गरेको हो । हेटौंडा अस्पतालले विभिन्न पदमा एक सय ४३ जना करार कर्मचारीको माग गरेको थियो ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ